सुन्दरबजार नगरपालिकाको १० औ नगरसभामा
नगर प्रमुख कृष्ण प्रसाद कोइरालाज्यू द्वारा प्रस्तुत

# सुन्दरबजार नगरपालिकाको
# नीति तथा कार्यक्रम २०७९/८०

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

नगरसभाका सदस्यज्यूहरु,

यस सुन्दरबजार नगरपालिकाको गरीमामय दशौं नगर सभामा आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु ।

नेपालको संविधान अनुसार स्थानीय सरकार स्थापनाकै कालखण्ड देखि नीति प्रवाह, विधि निर्माण, सेवा वितरण तथा विपद व्यवस्थापनमा क्रियासिल हुदैं संघियता र लोकतन्त्रलाई संस्थागत बनाउने मार्गमा क्रियासिल छन । तदअनुरुप हामी स्थानीय सरकार लोकतन्त्रको लाभलाई जनतासामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घरदैलोमा पुऱ्याउन सदैव प्रतिवद्ध छौ ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियहित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौ । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति सम्मान व्यक्त गर्दछौ र नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको उच्च योगदानको पूनः स्मरण गर्न चाहन्छौ ।

स्थानीय सरकार नागरीकको नजिकको सरकार हो । जहाँ नागरीकले देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुँदा विकासमा नागरीकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ । तीन तहका सरकारहरुले नागरीकलाई यथोचित सेवा सुविधा प्रदान गर्दै आइरहेका छन् । संघीय संरचना संगै राजश्वका क्षेत्र र श्रोतहरु मुलत संघीय सरकारबाट प्राप्त रकम, सशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान र प्रादेशिक सरकारबाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो ।

आफ्नै श्रोत र राजश्वको हिस्सा हाम्रो बजेटमा न्यून रहेको छ । स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सर्शत अनुदानको हिस्सा बढी भएको अवस्थामा स्थानीय समस्याहरु समाधान गर्न कठिन रहेको परिप्रेक्ष्यमा सबै क्षेत्रमा समुचित एवं समन्यायीक हिसाबले सम्बोधन गर्न नसकिने कुरा सर्वविधितै छ ।

सुन्दरबजार नगरपालिकाले नेपालको संविधान स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना मार्गदर्शन, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु त्था यस नगरपालिकाको आवश्यकता तथा रणनैतिक योजना समेतलाई आधार लिदै कार्यक्रमहरु संचालन गरिनुपर्दछ ।

राष्ट्रिय गौरवको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना सुन्दरबजार नगरपालिका वडा नं ७,६,५,४,३ र १० छोएर अगाडि बढ्नु हाम्रो विकासको लागि गौरव हो । तर समयमा नै यस योजना अगाडि बढ्न नसक्दा हामीलाई क्षती भएको छ । यस योजनालाई पुरा गराउन हाम्रो दायित्व यसमा हामी थप क्रियासिल हुने नै छौ । यसै गरी लमजुङ कृषि क्याम्पस यस नगरपालिकाको महत्वपूर्ण गहना हो । तर नगरबासीहरुले यसबाट भरपुर फाइदा लिन नसकेको तितो यथार्थलाई मध्यनजर गर्दै आगामी दिनमा अगाडि बढ्नु

पर्दछ । यस नगरपालिका भित्र थुप्रै सार्वजनीक जग्गा हुनु सुनौलो पक्ष हो । त्यस्ता सार्वजनीक जग्गाहरु पहिचान गरी थप योजनाहरु अगाडि बढाउनु पर्ने हुन्छ ।

सुन्दरबजार नगरपालिकाले हालसम्म वितरणमूखि विकास गर्दै आएको छ । त्यसकारण अबका दिनहरुमा दिगो विकास समन्यायीक र संस्थागत विकासमा जोड लिने र देखिने खालका केही महत्वपूर्ण आयोजनाहरु संचालन गर्न जरुरी छ। आफ्नो अधिकार प्रति सचेत र आफ्नो कर्तव्य प्रति जागरुक जागरिक तयार गर्नु आजको आवश्यकता हो् ।

**नगर सभाका सदस्यज्यूहरु**

अब म नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु :

१. सर्वसुलभ स्वास्थ्य
२. गुणस्तरीय शिक्षा
३. कृषि तथा पशुपालन
४. सुशासन अभिबृद्धि
५. भौतिक पूर्वाधार
६. वातावरण संरक्षण तथा विपद व्यवस्थापन
७. सामाजिक सुरक्षा
८. उद्यमशिलता, रोजगारी सिर्जना तथा नवप्रवर्तन
९. सार्वजनिक-निजी-सहकारी साझेदारी
१०. पर्यटन विकास

अब म आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

## क) भौतिक पूर्बाधार विकास तर्फ :-

१. गत आ.व. मा उल्लेख भएझैं यस आ.व. मा पनि भौतिक पूर्वाधार विकासको निश्चित आधारहरु तय गरेर अगाडि बढ्ने व्यवस्था मिलाईने छ ।
२. साना आयोजनामा रकम छर्ने, जनताको जीवनस्तरमा दीर्घकालीन रुपमा प्रभाव नपारी तत्काललाई खुशी तुल्याउने प्रकृतिका कार्यक्रमहरुलाई निरुत्साहित गरीने छ ।
३. नगरपालिकालाई दीर्घकालमा प्रतिफल दिने प्रकृतिका गौरवका आयोजनाहरु जस्तै बुउद्देश्यीय व्यापारिक भवन निर्माण, नगरपालिकाको साझेदारीता र समन्वयमा

पर्यटन पूर्वाधार निर्माण, बसपार्कको निमार्ण र संचालन, तुर्लुङकोटमा दृश्वालोकन केन्द्रको निर्माण र संचालन, कृषि हाटबजार केन्द्रको संचालन व्यवस्थित वस्ती विकासको कार्यक्रम, फोहोरमैला प्रसोधन केन्द्रको निर्माण तथा संचालन, लक्ष्मी नारायण मन्दिरमा नगर स्तरीय मौलिक पार्क निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

४. सवै वडा कार्यालयहरु आफ्नै व्यवस्थित भवनवाट सेवा प्रवाह गर्ने कार्य यसै आ.व. मा सम्पन्न हुने गरी व्यवस्था मिलाईनेछ । नयां निर्माण भएका कार्यालयहरुलाई भौतिक पुर्वाधारको पर्याप्त व्यवस्था सहित सेवा प्रवाहलाई सरल र सहज बनाईनेछ ।

५. गुणस्तरीय यातायात पूर्वाधार विकास, विस्तार र व्यवस्थापन गरिनेछ । साथै आ.व. ०७९/८० मा कच्ची सडकको नयां ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिईने छ ।

६. यस आ.व. मा प्राथमिकताको सडक निर्धारण गरी सबै मौसममा सवारी संचालन गर्न सक्ने नीति लिईनेछ । मुल सडकबाट वडा कार्यालय जोड्ने, स्वास्थ्य संस्था जोड्ने तथा विद्यालय जोड्ने सडकको निर्माणमा प्राथमिकता दिईनेछ ।

७. नगरपालिकाको फोहोरमैला प्रशोधनका लागि साझेदारीमा प्रशोधन केन्द्रको निर्माण कार्य अगाडि बढाउन जोड दिइनेछ ।

८. खत्रीठाँटीमा व्यवस्थित बसपार्क निर्माणको लागि डि.पी.आर निर्माण कार्य यसै आ.व. मा हुने व्यवस्था मिलाईने छ ।

९. नगर स्तरीय खेल मैदानको सम्भाव्यता अध्ययन गरी प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा स्तरोन्नति तथा थप पूर्वाधार निर्माणमा पहल गरिनेछ ।

१०. व्यवस्थित बिद्युतीकरणको लागि नेपाल सरकार तथा बैकल्पिक उर्जा प्रबर्धन केन्द्र समेतको साझेदारी कार्यक्रम संचालनमा ल्याईनेछ । सवै प्रकारका काठका पोलहरुलाई विस्थापित गरी राष्ट्रिय ग्रिडको प्रसारण लाईन मार्फत विद्युत उपलब्धताको विश्वसनीय संरचना निर्माण गरिनेछ ।

११. सुन्दरबजार नगरपालिकाको प्रशासकीय भवनमा सौर्य उर्जाको प्रयोगलाई प्राथमिकता दिईनेछ । नगरबासीहरुलाई विद्युतीय चुलो,सोलार बत्ती प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१२. भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारीताको नीति लिईनेछ । यस नगरपालिकाले निर्माण गरेका सडकहरुलाई कालोपत्रे गर्ने तर्फ बिशेष जोड दिईनेछ । यसका लागि नेपाल सरकारका सम्बन्धित निकाय, सडक बोर्ड लगायतवाट प्राप्त हुने अनुदानमा साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ । जनताले स्व-स्फुर्त

सहभागिता जुटाई माग गर्ने सडक कालोपत्र गर्ने कार्यलाई पहिलो प्राथमिकता साथ नगरपालिकावाट साझेदारी गर्ने नीति लिईनेछ ।

१३. निजी लगानी आकर्षित हुने खालका भौतिक संरचना निर्माणको लागि नगरपालिकाले साझेदारी गर्ने नीति लिईनेछ । सवै खाले भौतिक संरचना निर्माण गर्दा वालमैत्री, अपांगमैत्री र वातावरणमैत्री तथा बिपद प्रतिरोधी संरचना निर्माणको नीति लिईनेछ ।

१४. भौतिक पूर्वाधारहरुको निर्माण गर्दा लाभग्राही समुदायको बढी भन्दा बढी सहभागिता सुनिश्चित हुने, रोजगारीमा सघाउ पुर्याउने, निर्माण पछिको संचालन र मर्मतमा लाभग्राहीको अपनत्व सिर्जना हुने, दीर्घकालमा नगरपालिकाको आय आर्जनमा सघाउ पुर्याउने,वातावरण संरक्षण र बिपद व्यवस्थापनमा सहयोगी हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।

१५. राष्ट्रिय राजमार्ग र स्थानीय स्तरवाट निर्माण हुने सडक लगायतका भौतिक संरचना तथा प्राकृतिक रुपमा बगिरहेका नदी, खोला, पुरातात्विक हिसाबले महत्वपूर्ण स्थानवाट निश्चित दूरीमा मात्र भौतिक संरचना निर्माण गर्ने नीति स्वरुप सवै सडक, नदी, खोला पुरातात्विक स्थानवाट भौतिक संरचना निर्माण गर्ने दुरी निर्धारण गरिनेछ । साथै नगरभित्र रहेका स्थानीय सडकको नामकरणका गर्नुका साथै सडक मापदण्ड समेत तय गरिनेछ ।

१६. सरकारी तथा सार्वजनिक जग्गा, पोखरी तथा जलाधार क्षेत्र संरक्षण गरी दीर्घकालीन रुपमा भाडा/लिजमा उपलब्ध गराउन सकिने गरी नगर कार्यपालिकाबाट आवश्यक कानुन बनाई लागु गरिनेछ ।

१७. नेपाल सरकारको नीति अनुरुप जग्गाको वर्गिकरण गर्ने, निर्धारित मापदण्ड पूरा नगरी, आधिकारिक निकायवाट स्वीकृति नलिई निजी जग्गाको खण्डिकरण गर्ने वा व्यवसायिक हिसाबले प्लटिङ गर्ने कार्यलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

१८. सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गाको लगत तयार गरिनेछ ।

१९. खानेपानीको समस्या रहेका वडाहरुमा संघ तथा प्रदेशको समन्वय तथा स्थानीय तहमा रहेका खानेपानी सँग सम्बन्धित गै.स.स सँग समेत समन्वय गरी स्वच्छ खानेपानी सेवा विस्तार गर्ने पहल गरिनेछ । एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।

२०. सम्पन्न भएका खानेपानी आयोजनाहरुको पानीको मुहान संरक्षण र सम्बर्द्धन गर्ने, पानीको स्रोतलाई लोप हुन नदिनका लागि जगेर्ना गर्ने, नियमित खानेपानी आपूर्ति र गुणस्तरीयताका लागि स्थानीय खानेपानी तथा सरसफाई समितिलाई प्रमुख जिम्मेवार तुल्याई आयोजनाहरुको दिगोपना कायम गरी खानेपानी आपुर्तिलाई सरल र सहज तुल्याईनेछ ।

२१. हालको आधारभूत खानेपानीको व्यवस्थामा सुधार र स्तरोन्नति गर्दै क्रमशः गुणस्तरीय खानेपानी उपलब्ध गराउनका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने तथा पानीको गुणस्तरीयता मापन गरी नगरबासीलाई शुद्ध खानेपानीको सुनिश्चितता गरिनेछ । साथै सुन्दरबजार सहलगानी खानेपानी योजना निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

२२. सार्वजनिक स्थलमा खानेपानीको श्रोत खोजी सार्वजनिक धाराको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ ।

२३. दीर्घकालीन महत्वका ठूला संरचना निर्माणको प्रारुप तयार गर्ने कार्यको शुरुवात गरिनेछ ।

२४. व्यवस्थित आयोजना बैंक निर्माण गरी नगर स्तरीय भू-उपयोग योजना र नगर स्तरीय सडक गुरुयोजना निर्माण गरिनेछ । साथै नगर स्तरीय योजना छनौट गरी डि.पि.आर तयार गरिनेछ ।

२५. मर्मत संम्भार कोषको स्थापना गरी निर्माण भएका भौतिक संरचनाहरुको नियमित मर्मत तथा संरक्षण गरिनेछ ।

२६. पूर्वाधार संरचनाहरु निर्माण गर्दा गुणस्तरीयता कायम गर्न, समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि स्थानीय श्रममा आधारित निर्माणका कामहरु उपभोक्ता समिति मार्फत गर्ने र ठुला संरचनाहरु निर्माण गर्दा ठेक्का प्रकृयाबाट निर्माण गरीने नीतिलाई अङ्गिकार गरिनेछ ।

२७. सार्वजनिक यातायात तथा साना सवारी संचालन तथा व्यवस्थापन कार्यलाई आवश्यक समन्वय तथा अनुगमन गरी थप प्रभावकारी बनाईनेछ ।

२८. झोलुङ्गे पूल क्षेत्रगत विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ख) सामाजिक विकास तर्फ :-**

१. शिक्षाको क्षेत्रमा वि.सं. १९९० देखिकै लामो अनुभव बोकेको सुन्दरबजार नगरपालिकाको समग्र शैक्षिक उन्नयनको माध्यमवाट यस क्षेत्रकै शैक्षिक केन्द्र (Educational Hub) को रुपमा विकास गर्ने नीति लिइएकोमा यसलाई थप सुधार गर्दै लगिनेछ। लामो समयको अनुभव प्राप्त शिक्षक, निवृत्त शिक्षक एवं शिक्षा विदहरु सँग समन्वय गर्दै **नगर शिक्षा कार्यक्रम** अगाडि बढाइनेछ ।

२. गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्रध्यानाध्यापक र विषयगत शिक्षक बीचमा सूचक सहित कार्यसम्पादन करार गरिनेछ । मासिक रुपमा सो सुचक सहितको कार्य प्रगति नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण सुधार सम्बन्धी कार्यक्रम संचालन गर्नुका साथै सबै विद्यालयहरुलाई एकै प्रकारको रङ्ग रोगन गरिनेछ ।

४. प्रध्यानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई विद्यालय सुधार योजना सम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ ।

५. विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाइनुका साथै वालविकास केन्द्रलाई वालमैत्री बनाई सिकाइ वातावरण सृजना गरिनेछ ।

६. सामुदायिक र संस्थागत विद्यालय बीचको दुरी घटाई समान बनाउने रणनीति अवलम्बन गरिनेछ ।

७. स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

८. विद्यार्थी शिक्षक अनुपात तथा विद्यालय कायम राखि रहनुको औचित्यता समेतको आधारमा विद्यालय गाभ्ने तथा बृहत बिद्यालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै शिक्षक दरबन्दी मिलान गरिनेछ ।

९. हाल कार्यान्वयनमा रहेको नगर शिक्षा ऐनलाई आवश्यकताका आधारमा संसोधन गरी प्रभावकारी ढंगले कार्यान्वयनमा लगिनेछ ।

१०. उत्कृष्ट नतिजा तथा व्यवसायिक कौशलता हासिल गर्ने बिद्यालय, शिक्षक, तथा बिद्यार्थीलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिई यसलाई मापदण्ड निर्धारण गरी बैज्ञानिक बनाईनेछ ।

११. नगरपालिका क्षेत्र भित्र रहेका सवै विद्यालय एवम् स्वास्थ्य संस्थाहरुलाई प्रबिधिमा आधारित सूचना व्यवस्थापन प्रणाली (MIS System) मा आबद्ध गरीदै लगिनेछ ।

१२. बिद्यालयहरुमा स्वच्छ खानेपानीको लागि युरोगार्ड जडान गर्दै लगिनेछ । न्यूनतम अतिरिक्त क्रियाकलाप संचालन गर्न सक्ने पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

१३. विद्यालयहरुमा प्राथमिक उपचार तालिम तथा किट वितरण तथा जुकाको औषधी वितरण गरिनेछ ।

१४. बालबालिकाको सर्वांगृण विकासका लागि जीवन उपयोगि सिकाई संगसंगै अतिरिक्त क्रियाकलाप संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१५. सामुदायिक बिद्यालयहरुलाई नतिजाका आधारमा पुरस्कृत र दण्डित हुने परिपाटीको अबलम्बन गरिनेछ ।

१६. सामुदायिक विद्यालयको शैक्षिक सुधार र संस्थागत विद्यालयको व्यवस्थापकीय नियमन लाई निरन्तरता दिईनेछ । साथै लमजुङ कृषि क्याम्पसको स्तरबृद्धि एवं व्यवस्थापनमा जोड दिइनेछ ।

१७. शैक्षिक गुणस्तर सुधारको लागि सामुदायिक र संस्थागत विद्यालयहरु सँग आवश्यक समन्वय, सहयोग र सहकार्यको नीति अवलम्बन गरिनेछ ।

१८. माध्यमिक विद्यालयहरुमा आवासीय व्यवस्था सहितको शैक्षिक स्तर उन्नयनको लागि आवश्यक कार्यको थालनी गरिनेछ ।

१९. सवै माध्यामिक बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको बिशेष प्याकेज सहितका तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

२०. विद्यालय शिक्षामा **STEAM** Education लाई अबलम्बल तथा अनुकरण गर्ने नीति लिईनेछ ।

२१. दक्ष मानव पूँजी निर्माणका लागि प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिईनेछ ।

२२. संस्थागत विद्यालयहरुलाई करको दायरामा ल्याईनेछ ।

२३. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र गुणस्तरीय बनाइनेछ । गाँउमा उत्पादित अर्गानिक खाद्यान्नको खाजा बनाउन प्रोत्साहन गरिनेछ ।

२४.हाउस वायरिङ, प्लम्विङ, ड्राईभिङ, सिलाई बुनाई, ब्युटिसियन ट्रेडिङ, हेयरकटिङ, वर्कसप लगायतका अन्य व्यवसायिक तालिमका लागि CTEVT सँग समन्वय गरी युवाहरुलाई स्वरोजगार हुने व्यवस्था मिलाईनेछ ।

२५. **जेहेनदारी छात्रा लाई उप प्रमुख छात्रवृत्ति कार्यक्रम**को चालनी गरिनेछ ।

२६. सुन्दरबजार नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु संग समन्वय एवं सहयोग आदान प्रदानमा जोड दिइनेछ ।

२७. सुरक्षित मातृ शिशु स्वास्थ्यको लागि **स्वास्थ्य संस्थामा प्रसुती गराउन जिल्ला सदरमुकाम सम्म लैजान निशुल्क एम्बुलेन्स**को व्यवस्था गरिनेछ ।

२८. सबै स्वास्थ्य संस्थाहरुमा प्रबिधिमैत्री प्रतिवेदन प्रणाली (HEMIS) लागु गरिनेछ ।

२९. नगर भित्र रहेका स्वास्थ्य संस्थाहरुको दर्ता तथा नियमित रुपमा लेखा परीक्षण र नविकरण गर्ने व्यवस्था गरिनेछ ।

३०. आवश्यक कार्यविधि निर्माण गरी शवबाहन संचालनमा ल्याईनेछ ।

३१. सम्पुर्ण नगरबासीहरुलाई कोभिड १९ विरुद्ध पुर्ण खोप र अतिरिक्त डोज खोपको प्रवन्ध मिलाइनेछ ।

३२. मातृशिशु सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ । गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण, पोषण सामाग्री सहयोग, सुनौला हजार दिनका शिशुको पोषणको सुनिश्चता जस्ता कार्यक्रम संचालन गरिनेछ ।

३३. सबै स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीको अभाव हुन नदिन नियमित अनुगमन तथा निरीक्षण मौज्दात प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

३४. वडा कार्यालय मार्फत सम्पुर्ण नगरबासीहरुको स्वास्थ्य बिमा कार्यक्रमलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने निती लिइनेछ ।

३५. आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्र स्थापना गर्न प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३६. सुन्दरबजार नगरबासीको आरोग्यता सम्बन्धी चिन्तनलाई ध्यानमा राख्दै नगरपालिकालाई **आध्यात्मिक नगरी**को रुपमा विकास गरिनेछ ।

३७. भोटेवडार आँखा उपचार केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरी शल्यक्रिया सहितको अत्याधुनिक सेवा उपलब्ध गराईनेछ ।

३८. खोप लगायत सबै प्रकारका जनस्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यलाई निरन्तरता दिईनेछ ।

३९. बहुपक्षिय पोषण कार्यक्रमलाई आन्तरिकीकरण तथा प्राथमिकीकरण गरी पोषण मैत्री नगरपालिकाको रुपमा विकास गरिनेछ ।

४०. **सक्षम महिला समान्तर पाइला** भन्ने नारालाई अनुसरण गर्दै महिलाहरुको आय आर्जन तथा क्षमता विकासका लागि सीपविकास तथा आयमुलक कार्यक्रमहरु तय गरिनेछ ।

४१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति लिई सामाजिक न्यायमा आधारित समतामुलक नगर निर्माणमा जोड दिइनेछ ।

४२. बालमैत्री स्थानीय शासनको अवधारणालाई आन्तरिकीकरण गरी वि.सं २०८३ सम्म बालमैत्री स्थानीय शासनको रुपमा विकास गर्ने प्रतिवद्धता जनाईसकिएको हुँदा सो को लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

४३. महिला हिंसा, घरेलु हिंसा तथा लैङ्गिक असमानतालाई न्यनीकरण तथा सामाजिक विभेद अन्त्य गर्नको लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालन गरिनेछ ।

४४. जेष्ठ नागरीकहरुको आत्मसम्मान अभिबृद्धिको लागि **स्थानीय सरकार सँग बा आमा कार्यक्रम** संचालन गरिनेछ । साथै प्रत्येक वडामा जेष्ठ नागरीक दिवा सेवा केन्द्र स्थापना गर्न पहल गरिनेछ र नगरपालिकामा जेष्ठ नागरीक सेवा लिन आउँदा जेष्ठ नागरीक मैत्री व्यवहार सहितको सेवा प्रदान गरिनेछ ।

४५. नगरपालिका भित्र अपाङ्ग र अति विपन्न परिवार पहिचान गरी विद्युत तथा खानेपानीमा लाग्ने महशुल छुटको नीति लागु गरिनेछ ।

४६. नगरपालिका भित्र रहेका आदिबासी जनजातिहरु एवं सम्पूर्ण धार्मिक समुदायहरुको प्रथा, परम्परा संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

४७. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदायको सामाजिक र आर्थिक उत्थानमा जोड दिईनेछ ।

४८. बालश्रम, बालबिवाह, बहुविवाह जस्ता कार्य रोकथामका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४९. शौचालयको प्रयोग तथा साबुन पानीले हात धुने कार्यका लागि सचेतना गराइनेछ ।

५०. नगर क्षेत्रका महत्वपूर्ण व्यापारिक क्षेत्रहरुमा बनेका सार्वनजिक शौचालयहरुको समुचित व्यवस्थापन एबम् प्रयोग गरिनेछ । वडामा सार्वजनिक शौचालयको व्यवस्थापन सम्बन्धित वडाले नै गर्ने व्यवस्था मिलाईनेछ ।

५१. विकासका हरेक प्रकृयाहरुमा सामाजिक सद्भाव र सामाजिक एकीकरण अभिवृद्धि गर्दै रुपान्तरणकारी भूमिकामा युवाशक्तिलाई परिचालन गरिनेछ । युवाहरुको क्षमता विकास र सशक्तिकरणका साथ उत्पादनमूलक कार्य र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५२. नगरपालिका भित्रका सबै वडाका युवा क्लब तथा युवा समूहहरुलाई संस्थागत दर्ता प्रकृयाको दायरामा समेटी पालिका स्तरीय युवा सञ्जाल गठन गरी सामाजिक परिचालन र विकास निर्माणका कार्यमा युवाहरुको सहभागिता अभिवृद्धि गरिनेछ ।

५३. प्रतिभावान खेलाडीको पहिचान गरी क्षमता विकास र प्रोत्साहन गरिनेछ ।

५४. वडा स्तरीय तथा नगरस्तरीय विभिन्न खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

५५. यस नगरपालिका भित्र धेरै संख्यामा रहेका भू.पु सैनिकहरुसंग समन्वय गरी उहाँहरुसँग सहयोग लिने दिने नीति अबलम्बन गरिनेछ ।

**ग)आर्थिक विकास तर्फ :-**

**अ)कृषि**

१. आर्थिक मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण गरी आर्थिक बृद्धिको आधारलाई बलियो बनाइनेछ ।

२. नगरपालिकाको परम्परागत पहिचानको रुपमा रहेका रैथाने उत्पादनमा रहेका बाली उत्पादन, संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।

३. परम्परागत रुपमा रहेको कृषिलाई वैज्ञानिकिकरण गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्ने नीति लिईनेछ । अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

४. **एक वडा एक उत्पादन**को नीति अनुरुप कृषिबालीको प्रकृतिको आधारमा कृषियोग्य जमिनको पहिचान गरी नगरपालिका क्षेत्रभित्रका प्रत्येक वडामा कम्तिमा एक कृषि पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

५. कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरुको विक्री वितरणको लागि कृषि बजारको व्यवस्थापन गर्ने नीति लिईनेछ ।

६. स्थानीय उत्पादनलाई सुलभ तथा प्रतिस्पर्धी बनाउन बीउ बिजन, मल र उपकरण वितरणमा सहयोग लागत साझेदारीको आधारमा गर्ने नीति लिईनेछ ।

७. मल, बीउ, उपकरणको प्रबन्ध, उत्पादन बृद्धि कृषि उपज संकलन तथा वितरणको लागि कृषि सहकारीको उपयोग गर्ने नीति लिईनेछ ।

८. नेपाल सरकार र नगरपालिकाको साझेदारीमा शित भण्डार स्थापना गर्ने र शित भण्डार संचालनको लागि कार्यविधि बनाई निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ ।

९. प्रत्येक घरमा श्रममा आधारित खाद्यान्न कार्यक्रम अन्तर्गत कम्तीमा एक घर एक रोजगार सिर्जना गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१०. कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी बैंक तथा वित्तिय संस्थाद्धारा ऋण उपलब्ध गराउने कार्यक्रम बनाइने छ ।

११. **एक घर एक करेसावारी** भन्ने नाराका साथ तरकारी उत्पादनमा जोड दिइनेछ । साथै **आफ्नो उत्पादन आफै उपभोग**को नीति अबलम्बन गरिनेछ ।

१२. दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था मिलाइने छ ।

१३. बाझो जग्गा सदुपयोग गरी मूल्य श्रृखंलामा आधारित सामुहिक र सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

१४. भौगोलिक अवस्थिति र हावापानी अनुसार फलफुल तथा तरकारी खेति गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ । यसका लागि नेपाल सरकार कृषि तथा पशु पंछी मन्त्रालय द्धारा विकसित गरीएको मोबाइल एपको उपयोग गरिनेछ ।

१५. व्यवसायिक मौरीपालनलाई प्रोत्साहन स्वरुप सुन्दरबजार नगरपालिकामा उत्पादित महको ब्राण्डिङ गर्ने कार्यको प्रारम्भिक अध्ययन गरिनेछ ।

१६. सिंचाई सुबिधा उपलब्ध नभएका वा सिंचाई संरचना जीर्ण भएका स्थानमा सम्बन्धित लाभग्राहीको लागत सहभागितामा समपूरक कोष अर्न्तगतको रकमवाट लागत साझेदारी गरीने कार्यलाई प्राथमिकता दिईनेछ ।

१७. नगरपालिकामा पाईने जडिबुटीहरुको पहिचान गरी बहुमुल्य जडिबुटीहरुको उत्पादन, उपयोग र विक्रि वितरण मार्फत आयआर्जनको भरपर्दो स्रोतको रुपमा विकास गर्नको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१८. कृषि सडक निर्माण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । ठाँटीचौर-ठाडो खोला-गामबारी-गैराबारी सडकलाई कृषि सडकको रुपमा विकसित गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

१९. कृषि एम्बुलेन्सको व्यवस्था एवं विदेशबाट फर्केका युवाहरुलाई कृषिमा जोड्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२०. सु.न.पा ७ मा रहेको लमजुङ कृषि क्याम्पस र आराभा नेपाल कृषि तथा पशु फर्म सँगको सहकार्यमा नगर क्षेत्र भित्रका कृषिबालि तथा पशु पंक्षीको व्यवसायीक उत्पादन बढाउने, रोग नियन्त्रण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

२१. नयाँ प्रजातीका फलफुल (मेकाडेनियम, एभोकाडो, ड्रागन फ्रुट्स आदी) खेतीलाई प्रोत्साहन गरिनेछ ।

**आ) पशुपालन**

१. उत्पादन बृद्धि गर्न पशु नस्ल सुधार कार्यक्रमलाई जोड दिईनेछ ।

२. पशुपंक्षीहरुको स्वास्थ्य परीक्षण गरी आवश्यक भ्याक्सीन तथा औषधीहरुको प्रवन्ध मिलाईनेछ ।

३. उत्पादित पशु तथा पंक्षीजन्य उत्पादनको आधारमा उचित बजार व्यवस्थापन गरिनेछ ।

४. नगर क्षेत्रभित्रका पशुपालक कृषकहरुलाई पशु विमा गर्न प्रोत्साहित गरिनेछ ।

५. बहुवर्षे भुई घाँस, पोषिलो हिउँदे घाँस, बहुवर्षे डालेघासका बिरुवाहरु लगाउने तथा नर्सरी स्थापना गर्ने जस्ता कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ ।

६. व्यवसायिक पशुपालनमा जोड दिइनेछ । सो कार्यकालागि पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत पशुपंक्षीलाई लाग्न सक्ने महामारीजन्य रोगलाई नियन्त्रणमा लिनको लागि आधुनिक प्रयोगशाला स्थापना गरीने छ । उपचार कार्य प्रभावकारी ढंगले व्यवस्थापन गर्ने एंव जुनेटिक रोग तथा अन्य महामारी रोग नियन्त्रण गर्न **रोग विरुद्धको खोप** संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. कृषि तथा पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन व्यवसायिक कृषि तथा पशुपंक्षी पालक कृषकहरुलाई सहज र सरल रुपमा पूँजी व्यवस्थापनका लागि विऊ वीजन तथा पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन, पशु आहार जस्ता कार्यक्रम संचालन गरिनेछ ।

८. पशुपालन व्यवसायलाई प्रोत्साहित गर्दै यस नगरपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउदै लगिनेछ ।

९. सुन्दरबजार नगरपालिका क्षेत्र भित्रका नदी तथा खोलाको मुहानमा माछाका भुरा छाड्ने कार्यक्रमको सुरुवात गरिनेछ । नाउँदी र पाँउदी खोलाको तटीय क्षेत्रमा माछापालन व्यवसाय गर्न प्रोत्साहन गरिनेछ । साथै बाँस, निगालो, अम्रिसो र भू क्षय नियन्त्रण गर्ने खालका विरुवा लगाउन प्रोत्साहित गरिनेछ र उक्त कार्यलाई आय आर्जनमा जोडिनेछ ।

१०. मासु पसल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. पशु प्राविधिकलाई थप दक्ष बनाउन क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

**इ) उद्योग वाणिज्य**

१. स्थानीय स्रोत सीप साधन एवम् प्रविधिको प्रयोगलाई बढावा दिई परम्परागत सीपलाई पुँजिकरण गरी व्यवसायिकताका रूपमा विकास गरिनेछ ।

२. लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम प्रदान गर्नुका साथै सफल उद्यमीहरुका अनुभव आदान प्रदान गर्ने तथा आवश्यक औजार, यन्त्र, उपकरण प्रदान गरी व्यवसायिकताको विकास गरिनेछ ।

३. स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन तथा जडिबुटीमा आधारित उद्योगहरु साझेदारीमा स्थापना गर्न लगानीकर्ताहरुलाई उचित वातावरणको व्यवस्था मिलाईनेछ ।

४. हस्तकलाका सामाग्रीहरु र परम्परागत खाद्य पदार्थहरुलाई यस नगरपालिकाको विशेष ब्राण्डको रूपमा विकास गर्ने नीति लिइनेछ ।

५. औद्योगिक क्षेत्रमा लगानी गर्न श्रमिक, किसान, असहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई प्राथमिकता दिईनेछ ।

६. उद्योग ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

७. उद्योग तथा वाणिज्य क्षेत्रका छाता संगठनहरु, लेखापरीक्षकहरु तथा कर कार्यालय सँग समन्वय गरी व्यवसायीहरुको क्षमता अभिबृद्धी कार्यक्रम, बजार व्यवस्थापन तथा बजार अनुगमन, व्यवसाय दर्ता, तथा कर तिर्ने बानी प्रति अभिप्रेरित गर्न विभिन्न तालिम/कार्यक्रमहरु संचालन गरिनेछ ।

८. औद्योगिक बिमाको नीतिलाई प्रोत्साहित गरिनेछ ।

९. लगानी मैत्री वातावरण सिर्जना गर्ने अवधारणा स्वरुप **INVEST IN SUNDARBAZAR** अभियान संचालन गरिनेछ ।

१०. परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित लघु तथा घरेलु उद्योगलाई पूँजीकरण गर्दै प्रविधि हस्तान्तरण तथा बजार संरक्षण एवम् बजारिकरण मार्फत प्रर्वद्धन गरिनेछ ।

## ई) पर्यटन तथा संस्कृति

१. आर्थिक समृद्धिको महत्वपूर्ण आधार पर्यटन भएकोले पर्यटकीय क्षेत्रहरु विकासका लागि आवश्यक पूर्वाधार संरचनाहरु निर्माण गरिनेछ ।

२. नगरपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि प्राकृतिक, साँस्कृतिक, धार्मिक ,शैक्षिक आदि गन्तव्य स्थलको पहिचान गरी आवश्यक सुधार गरिनेछ । सुन्दरबजारको चिनारीको रुपमा रहेका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु तुर्लुङ कालिका, देवीस्थान मन्दिर, तुर्लुङकोट गढी, खजे दुरा पार्क, दुरा संग्राहालय, कुन्छा गढी, सुत्केरीले गाडेको ढुङ्गा, मुलकोट, तार्कुकोट गढी, रमाईलो मर्स्याङदी पर्यटन केन्द्र, पाँचघरे नयाँ बस्ती छहरा झरना, किरिन्चे झरना, भागिरथी मन्दिर, पाँउदीमा निर्माणाधीन शिवजीको मूर्ति, अकला मन्दिर, सिन्दुरे ढुङ्गा, लक्ष्मी नारायण मन्दिरको पुर्बाधार विकास, संरक्षण र प्रबर्धनको लागि प्रदेश सरकार र संघ सरकार संगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

३. पर्यटकीय गन्तव्यहरुको प्रर्वद्धन गर्न नगरपालिका स्तरीय पर्यटन गुरुयोजना निर्माण गर्नुका साथै पर्यटकीय पूर्वाधार निर्माणका लागि डिपिआर तयारी गर्ने, एवम् यस क्षेत्रको प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षहरुलाई समेटी डकुमेन्ट्री फिल्म निर्माण तथा ब्रोसर प्रकाशन गरी पर्यटकीय सम्भावनाको प्रचार प्रसार, संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

४. होमस्टे संचालन भएका घरहरुमा एउटै रङ्ग लगाउने व्यवस्थामा जोड दिइनेछ ।

५. यस नगरपालिकालाई पर्यटनहवको रूपमा स्थापित गर्न ग्रामिण पर्यटन, सामुदायिक होमस्टेहरुको प्रवर्द्धन/सम्वर्द्धनका साथै यस क्षेत्रको सांस्कृतिक मौलिकताको पहिचानका र **अतिथि देवो भव:** मूल मन्त्रलाई अङ्गिकार गर्नुका स्थानीय अर्गानिक परिकारका खानाको व्यवस्था गर्दै पर्यटन प्रर्वद्धनमा जोड दिईनेछ ।

६. भोटेवडार-तार्कुकोट-गहते मुलकोट-दुराडाँडा-तुर्लुङकोट-धुसेनी-भागिरथी-कुन्छा-हावापानी डाँडा हुदैं सुन्दरबजार सम्मको चक्रीय पदमार्गको अवधारणालाई अघी बढाईनेछ ।

७. मठ, मन्दिर तथा गुम्बा, जस्ता धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षण सम्वर्द्धनमा विशेष जोड दिइनेछ । नगरपालिकामा रहेका ऐतिहासिक एवं धार्मिक स्थलहरु लगायतका संभाव्य स्थलहरुको संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गरिनेछ ।

८. नगरपालिकाको ईतिहास र गौरवको रुपमा रहेका पाटी पौवा, गुठी, कोट, गढीको संरक्षण गरिनेछ ।

९. कला, सँस्कृति तथा साहित्य लगायत क्षेत्रको प्रवर्द्धनका लागि मेला एवम् महोत्सव संचालन गरिनेछ । साथै ऐतिहासिक संग्रहालय निर्माणको लागि पहल गरिनेछ ।

१०. सुन्दरबजार नगरपालिकाको कला सँस्कृति, पर्यटकिय क्षेत्र तथा उत्पादनहरुको प्रवर्द्धनको लागि वार्षिक रुपमा **RUN FOR SUNDARBAZAR EVENT** संचालन गरिनेछ ।

११. पूर्वीय दर्शनको ज्ञानलाई बढावा दिदै उपयोग एवम् प्रयोग गर्ने नीति लिईनेछ ।

## उ) सहकारी विकास

१. नगरपालिकाभित्र स्थापना भएका सहकारीहरुको गुणस्तर बृद्धिका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षण गर्दै सहकारीता र सहकारी शिक्षामा जोड दिइनेछ ।

२. सहकारीलाई आय आर्जनको एक महत्वपूर्ण माध्यमको रूपमा विकास गरी सहकारीप्रति नागरीक उत्प्रेरणा अभिवृद्धि गर्न अन्तर सहकारी भ्रमण कार्यक्रममा जोड दिईनेछ ।

३. महिला सहकारी मार्फत महिलालाई सशक्तीकरण गरी उनीहरुको आय आर्जन र क्षमता विकास गरिनेछ ।

४. सहकारीलाई पूँजी निर्माणको महत्वपूर्ण माध्यमको रूपमा स्थापित गरी स्थानीय उद्योग स्थापना, कृषि उत्पादन र औद्योगिक उत्पादनमा लगानी गर्ने वातावरणको सृजना गरिनेछ ।

५. स्थानीय स्तरमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइने छ । साथै स्थानीय स्तरमा लगानी मैत्री वातावरण कायम गरी थप लगानीका श्रोतहरु भित्र्याउन आवश्यक वातावरणको श्रृजना गरीने छ ।

## ऊ) बैंक तथा वित्तीय क्षेत्र

१. नेपाल सरकारको मौद्रिक तथा वित्तीय नीति अन्तर्गत रही आर्थिक वृद्धि, रोजगारी सृजना र आर्थिक स्थायित्व कायम गर्नका लागि कृषि, साना उद्योग, पूर्वाधार जस्ता उत्पादनशिल क्षेत्रहरुमा लगानी गर्नका लागि नगरपालिका क्षेत्र भित्रका सबै बैंक तथा वित्तीय संस्थाहरु सँग आवश्यक समन्वय गरिनेछ ।

२. वैक तथा वित्तीय संस्थासंगको सहकार्यमा सवै नागरीकमा वैक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न सघन रुपमा **वित्तीय साक्षरता कार्यक्रम** संचालन गरिनेछ ।

३. नेपाल सरकारको मौद्रिक तथा वित्तीय नीति अन्तर्गत रही आर्थिक वृद्धि, रोजगारी सृजना र आर्थिक स्थायित्व कायम गर्नका लागि कृषि, घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय सञ्चालन र पूर्वाधार निर्माण जस्ता उत्पादनशील क्षेत्रमा लगानी गरी सरल तथा सहज ऋण प्रवाहका लागि नगरपालिका भित्रका बैंक तथा वित्तीय संस्थाहरु सँग आवश्यक समन्वय गरिनेछ ।

४. नगरपालिका भित्र रहेका सहकारी तथा वित्तीय संस्थाहरु सँग समन्वय गरी सामाजिक उत्तरदायित्वको रकमलाई दिगो विकासमा जोड्ने कार्यको थालनी गरिनेछ ।

## ए) उद्यमशिलता, रोजगारीता तथा नवप्रवर्तन

१. श्रमको सम्मान, स्वरोजगार, बिपन्न बेरोजगारलाई रोजगारीको सिर्जना र सामाजिक संरक्षण यस नगरपालिकाको नीति हुनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी नगरपालिकामा सूचीकृत भएका बेरोजगारहरुलाई नगरपालिका भित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा रोजगारी उपलब्ध गराईनेछ । साथै यस नगरपालिका अन्तर्गत रहेका विभिन्न ज्ञान, सीप, क्षमता, योग्यता र अनुभव भएका व्यक्तिहरुको विवरण अध्यावधिक गरी नगरपालिकामा रोजगार सेवा केन्द्र मार्फत निजहरुलाई ज्ञान, सिप ,क्षमता, योग्यता र अनुभवको आधारमा रोजगारी दिलाउनका लागि विभिन्न रोजगारदाताहरुसँग समन्वय गरिनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने सामुदायिक आयोजना कार्यान्वयनको लागि वडागत योजनाहरुको योजना बैंक तयार गरी प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।

४. नवप्रवर्तनमा आधारित उद्यमशिलतालाई प्रवर्द्धन गर्न व्यवसायीक सीप विकास तालिमको प्रवन्ध गरी बीउ पूँजीको व्यवस्था गर्ने नीति लिईनेछ । साथै मेयर उद्यमशीलता विकास कार्यक्रमको सुरुवात गरिनेछ ।

५. युवा, बेरोजगार तथा गरीबीको रेखामुनी रहेका व्यक्तिहरुलाई लक्षित गरी निजहरुको आयआर्जन तथा क्षमता विकासका लागि आधारभूत तथा पेशागत उन्नत स्तरको सीपमुलक तालिम संचालन तथा गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उपलब्ध गराईनेछ ।

**घ) वन, वातावरण संरक्षण तथा बिपद व्यवस्थापनः-**

१. विपद व्यवस्थापनमा नागरीकको व्यवहार जलवायु मैत्री बनाउन व्यक्ति, घरधुरी, विद्यालय, र टोल टोलमा फोहर मैला व्यवस्थापन, व्यक्तिगत र सार्वजनिक जग्गामा वृक्षरोपण, प्लाष्टिकको न्यून प्रयोग, जैविक पदार्थ (फोहोर, पराल, नल, प्लाष्टिक) डढाउने कार्य पुर्ण रूपमा बन्द गर्ने नीति लिईनेछ ।

२. उन्नत र सुधारिएको चुह्लोको प्रयोग, प्राङ्गारिक खेती, कुहिने फोहरबाट कम्पोष्ट मल, शहरी क्षेत्रमा कौसी खेती, सडक किनारामा वृक्षरोपण, खेर गएको पानीको प्रयोग, प्रयोग गर्न सक्ने घरमा ग्यासको सट्टा बढी मात्रामा विद्युतीय चुह्लोको प्रयोग बढाउने, दैनिक जीवनमा ऊर्जा र पानीको प्रयोगमा किफायती बन्ने विषयहरू सञ्चार गर्ने, उज्यालो नगर अभियान अन्तर्गत नगर क्षेत्र भित्र सौर्य सडक बत्ती जडानको लागि पहल गरिनेछ । नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहान गर्ने नीति लिईनेछ ।

३. जलवायु परिवर्तनको स्थानीय अनुकूलन योजनालाइ अनुसरण गर्ने नीति लिइनेछ ।

४. जलवायु मैत्री बनाउन आवश्यक संरचना, सस्थागत क्षमता र सोचको विकास गर्न खानेपानी तथा ढल निकास, विपद् जोखिम व्यवस्थापन तथा नियन्त्रण, जलवायु विपद् पूर्वसूचनाको पहुँच, खुल्ला स्थानको व्यवस्थापन, वृक्षरोपण, न्यून उत्सर्जन हुने प्रविधिको प्रयोग, विद्युतीय सार्वजनिक यातायात र अन्य हरित विकाससम्बन्धी कार्यक्रमहरूमा जोड दिइनेछ ।

५. आगामी आर्थिक वर्षमा पानी संरक्षणको लागि कम्तीमा २ वटा मझौला जलाधार भण्डार (Water Recharge Log) निर्माण सुरु गरिनेछ ।

६. विपद व्यवस्थापनको लागि विपद स्वयम् सेवक तयार गरी परिचालन गरिनेछ । साथै नगरपालिकामा दमकल व्यवस्थापनको लागि पहल गरिनेछ ।

७. बिपद ब्यबस्थापन कोषमा प्रयाप्त बजेटको व्यवस्था गरी कार्यविधि अनुरुपका विपद् प्रतिकार्यका पूर्वतयारी, खोज, उद्धार, राहत र पुर्नस्थापना गरिनेछ । रोग पछिको उपचार र बिपद् पश्चात गरीने उद्धार भन्दा सचेतना र सावधानी लाई बढी महत्व दिई सो अनुरुपका कार्यक्रमहरु गरिनेछ । नगरपालिकाको विपद् व्यवस्थापन तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ ।

८. सबै प्रकारका बिकासका पूर्वाधार निर्माण कार्य जैबिक विविधतामा असर नपर्ने गरी वातावरण मैत्री बनाइने छ । सडक वरीपरी पहिरो नियन्त्रणको लागि अम्रिसो, निगालो, बाँस जस्ता बोटबिरुवा रोपी वातावरण सन्तुलन कायम गर्दै उत्पादन र आयआर्जनमूलक बोटबिरुवा रोपण कार्यलाई प्राथमिकता दिदै बायो इन्जिनियरिङलाई जोड दिइनेछ ।

९. दिगो विकासका लक्ष्य हासिल गर्न वातावरण मैत्री सफा, स्वच्छ र हरित वातावरण संरक्षण गर्ने नीति लिदै **सुन्दर सफा र हराभरा सुन्दरबजार** बनाईनेछ ।

१०. वन जंगल, बन्यजन्तु, चराचुरुङ्गी तथा जलश्रोत उपयोग तथा संरक्षण गर्ने नीति लिईनेछ ।

११. सुन्दरबजार नगर भित्र घना बस्ती भएको वडा नं ५,६,७,८ र ९ मा ढल व्यवस्थापनको कार्यलाई अगाडि बढाइनेछ ।

## ङ) सुशासन, संस्थागत विकास तथा सेवाप्रवाह

### अ.)संस्थागत सुशासन

१. यस नगरपालिकाबाट प्रवाह गरीने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउदै नागरिकमैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ ।

२. नगरपनलिकामा कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवमं सबै कर्मचारीहरु बीच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवमं नतिजामुलक बनाइने छ। साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ। **“Right man in Right place, at Right Time”** को नीति अवलम्बन गरिनेछ ।

३. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै प्रविधिमैत्री बनाईनेछ ।

४. संस्थागत सुधारको लागि कार्यालयमा रहेका जनशक्तिलाई व्यवस्थापन गर्नको लागि **O & M** तयार गरी लागु गरिनेछ ।

५. **डिजिटल सुन्दरबजारको अवधारणा** अनुरुप नगरपालिका र सो अन्तर्गतका निकायहरुबाट प्रवाह गरीने सम्पूर्ण सेवा प्रवाहलाई प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन तथा कम्प्युटर बिलिङ सञ्चालन गर्दै लगिनेछ ।

६. सेवाग्राहीको गुनासो सुनुवाई तथा सहजताको लागि सेवा प्रवाहको मापदण्ड(SOP) तयार गरी सेवा प्रतिको सन्तुष्टि मापन गर्ने व्यवस्था मिलाईनेछ ।

७. नगरपालिकाको पञ्चबर्षीय आवधिक योजना र बजेट बीच तादात्म्यता मिलाई मध्यकालीन खर्च संरचनालाई व्यवस्थित गरिनेछ । नगरपालिका केन्द्र तथा सबै वडा कार्यालयहरुमा डिजिटल नागरीक वडापत्र तथा क्षतिपूर्ति सहितको नागरीक वडापत्र कायम गरी सेवा उत्तरदायी संयन्त्रको विकास गर्दै लगिने छ ।

८. हाल संचालनमा रहेको Web Based Dynamic Digital Profile नियमित रुपमा अद्यावधिक गरी योजना निर्माण, कार्यान्वयन र सेवा सुविधा वितरणमा यथोचित उपयोग गरिनेछ ।

९. नगरपालिकाभित्र सञ्चालित योजना, कार्यक्रम तथा नगरपालिका अन्तर्गतका बिषयगत निकायहरुको काम कारवाहीलाई प्रभावकारी एवमं गुणस्तरीय तुल्याउनको लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरिनेछ ।

१०. यस नगरपालिकामा कानुनी शासनको प्रणालीलाई स्थापित गर्नको लागि स्थानीय तहलाई प्रदत्त कानून निर्माण अधिकारभित्र रही सङ्घीय र प्रदेशसँगको तादात्म्यता अनुरुप आवश्यक कानून तथा कार्यविधिहरु निर्माण गरिनेछ ।

११. स्थानीय तहको सवाल पहिचान, योजना निर्माण र कार्यान्वयनमा युवा, यौनिक तथा लैङ्गिक, अल्पसङख्यक, महिला र अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चिताका साथ वार्षिक योजना निर्माण प्रक्रियामा किशोरकिशोरी तथा युवाहरुको सवालहरूको सम्बोधन गरिनेछ ।

१२. नगरपालिकाका सेवाग्राहीहरुको सम्मान गर्दै नेपाल सरकारको सुशासन सम्बन्धी **“म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागि इमान्दार भएर काम गर्नेछु”** भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्दै नगरपालिकाबाट हुने सबै सेवाहरु छिटो, छरितो र भ्रष्टचार रहित तुल्याउदै भ्रष्टचारमा शून्य सहनशिलता कायम गरिनेछ ।

१३. नगरपालिकावासी नागरीकहरुका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका बिबादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको सशक्तिकरण सँग सम्बन्धित क्रियाकलाप संचालन गरिनेछ ।

१४. न्यायिक समितिको संस्थागत सुधार र क्षमता अभिबृद्धि गरिनेछ ।

१५. Digital Divide लाई न्यूनिकरण गर्न सम्पूर्ण नगरबासीहरुलाई सूचना प्रविधिको पहुचमा पुऱ्याउने नीति लिइनेछ साथै सूचना तथा संचार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई उच्चतम प्रयोग गरिनेछ ।

१६. आगामी आ.व. देखि नगरपालिकाले आफ्नै नगर चिन्ह नगरसभाबाट पारित गरी निर्धारण गरिनेछ ।

**आ) राजस्व**

१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रूपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करको दायरा फराकिलो बनाउँदै करको दरहरु निर्धारण गरिनेछ ।

२. नगरपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । साथै यस नगरपालिका अन्तर्गत संचालित योजनाहरुमा उपभोक्ता वा निर्माण कम्पनीले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग गरे बापतको कर नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गरिनेछ ।

३. राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ ।

४. सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदाता मैत्री बनाइनेछ ।

५. कर सङ्कलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा सङ्कलन गर्न वडा समितिलाई परिचालन गरिनेछ ।

६. राजस्व सुधार वर्षका रुपमा अभियान संचालन गरी **मैले तिरेको कर मेरो विकासको लागि** भन्ने अवधारणालाई विकास गर्दै नगरबासीहरुमा करको अपनत्व बोध गराउनको लागि उद्योगी व्यवसायीहरु सँगको समन्वयमा **करदाता शिक्षा कार्यक्रम** संचालन गरिनेछ ।

७. नगरपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिनेछ । काम सम्पन्न भएपछि मात्र भुक्तानी दिने गरी पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै बेरुजु शुन्य बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

**च) गै.स.स, निजी क्षेत्र तथा साझेदारिता :**

१. यस नगरपालिका भित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रूपमा परिचालन गर्न NGO डेस्क स्थापना गरी सबै कार्यक्रमहरुलाई नगरपालिका मातहतमा ल्याईनेछ ।

२. नगरपालिकासँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकासका गतिविधिमा गै.स.स. सँग समन्वय तथा सहकार्य गरिनेछ ।

३. विकासमा सार्वजनिक-निजी साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरीनेछ, विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिनेछ ।

४. सूचना तथा संचार प्रक्रियालाई थप प्रभावकारी बनाउन सूचना तथा संचार माध्यमहरु सँगको साझेदारीमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । साथै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता जगतसँग नगरपालिकाको समग्र विकासको अभियानमा सुझाव, सहयोग माग्दै अगाडि बढ्ने नीति लिइनेछ ।

नगरसभाका सदस्यज्यूहरु,

नीति तथा कार्यक्रमको कार्यान्वनयबाट **"समुन्नत सुन्दरबजार"** को गन्तव्यमा पुग्नको लागि हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दुमा आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबै पक्षहरुबाट सदाझै सहयोग, रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दै गरिमामय यस नगरसभाबाट विदा हुन्छु ।

धन्यबाद , जय नेपाल ।

कृष्ण प्रसाद कोइराला

प्रमुख